# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः २८ मितिः २०८१।११।२७


**भाग-२**

शिवराज नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगर कार्यपालिकाले यो **पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०८१** जारी गरेको छ ।

# पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

सामुदायिक विद्यालयमा शिक्षाको गुणस्त सुधार गर्दै विद्यार्थीहरूमा उद्यमशीलता, स्वावलम्बन, प्राविधिक सीप तथा व्यावसायिक सोच विकास गर्दै स्व:आर्जन गरी अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको पढाइलाई निरन्तरता दिन, साधारण र प्राविधिक तथा व्यावसायिक धारका विद्यालय मार्फत आयआर्जनको अवसर प्रदान गरी पढ्दै कमाउँदै कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले शिवराज नगरपालिकाको विनियोजन ऐन, २०८१ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "शाखा" भन्नाले शिवराज नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले पाठ्यक्रममा आधारित भएर प्रदान गरिने पढ्दै कमाउँदै कार्यक्रम सम्झनु पर्दछ।

(ग) "नगर कार्यापालिका" भन्नाले शिवराज नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालयको रुपमा स्थापना भई शिवराज नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको विद्यालय सम्झनु पर्दछ र सो शब्दले प्राविधिक तथा व्यावसायिक धार सञ्चालन भएका सामुदायिक विद्यालय समेतलाई जनाउँछ।

(ङ) "नगरपालिका" भन्नाले शिवराज नगरपालिकालाई सम्झनु पर्दछ।

(च) "ऐन" भन्नाले शिवराज नगरपालिका शिक्षा ऐन, २०७६ लाई सम्झनु पर्दछ।

(छ) "शिक्षा समिति" भन्नाले शिवराज नगरपालिका शिक्षा ऐन, २०७६ को दफा ९(१) बमोजिम गठित नगर शिक्षा समितिलाई सम्झनु पर्दछ।

(ज) "सहजीकरण समिति" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिमको सहजीकरण समिति सम्झनु पर्दछ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले शिवराज नगरपालिका शिक्षा ऐन, २०७६ को दफा १२(१) बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ।

**३. कार्यक्रमको उद्देश्यः**

"पढ्दै कमाउदै" कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) विद्यालयमा शिक्षाको गुणस्तर सुधार गर्दै विद्यार्थीहरूमा उद्यमशिलता, स्वावलम्बन, प्राविधिक सीप तथा व्यावसायिक सोच विकास गरी आत्मनिर्भर बनाउनु र स्वःआर्जन गर्दै अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको पढाइलाई निरन्तरता दिनु,

(ख) नियमित सिकाइको क्रममा नै कार्यस्थलको अनुभव दिलाउने गरी विद्यालयमा यन्त्र उपकरण वा आवश्यक पूर्वाधार निर्माणका लागि सहयोग गर्नु,

(ग) विद्यार्थीद्वारा उत्पादन भएका खाद्यान्न, तरकारी, फलफूल लगायतका वस्तुलाई विद्यालयमा दिवा खाजामा उपयोग गर्न तथा स्थानीय बजारमा बिक्री वितरणको उपयुक्त वातावरण तयार गर्नु,

(घ) विद्यालयमा उत्पादन तथा सेवा इकाइको स्थापना गरी सो इकाइलाई शिक्षक/प्रशिक्षक एवं विद्यार्थी सहभागितामा सञ्चालन गरी आय आर्जनको केन्द्रको रुपमा स्थापित गर्नु,

(ङ) पाठ्यक्रममा आधारित हुनेगरी सिकाइसँगै श्रमप्रति सम्मानको भाव विकास गर्दै स्वरोजगार र उद्यमशील हुन प्रोत्साहित गर्नु ।

**४. कार्यक्रम सञ्चालन हुने क्षेत्र र समयावधिः**

(१) शिवराज नगरपालिका भित्रका विद्यालयमध्येबाट कार्यक्रम सञ्चालन गर्न छनौट भएका विद्यालयमा कार्यक्रम सञ्चालन हुनेछ ।

(२) कार्यक्रमको समयावधि सम्झौतामा निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद - २

## विद्यालय छनोट र अनुदान निर्धारण

**५. सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः**

(१) कार्यक्रम सञ्चालन गर्ने विद्यालय छनोटको लागि शिवराज नगरपालिकाले कम्तीमा १५ दिनको म्याद दिई प्रस्ताव पेश गर्न सूचना प्रकाशन गर्नेछ । तर प्राविधिक

धारको पठनपाठन हुने विद्यालयमा कार्यक्रम सञ्चालन गर्न पर्ने भएमा त्यस्ता विद्यालय मध्येबाट सहजीकरण समितिले विद्यालय छनोट गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रममा सहभागी हुन ईच्छुक विद्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन फारम भरी वडा शिक्षा समितिको सिफारिस सहित म्यादभित्र नगरपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्न ईच्छुक विद्यालयले देहाय बमोजिमको आधारहरु पूरा गरेको हुनु पर्नेछ-

(क) कार्यक्रम सञ्चालनका लागि प्रचलित कानुन बमोजिम निर्धारित न्यूनतम विद्यार्थी संख्या पूरा भएको,

(ख) स्थानीय हावापानी र भूगोल अनुरुप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव भएको।

**६. प्रस्तावको मूल्याङ्कन तथा सिफारिसः**

(१) शिक्षा शाखाले कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयबाट पेश भएका प्रस्तावलाई मूल्याङ्कन तथा प्राथमिकीकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका प्रस्तावको मूल्याङ्कन र प्राथमिकता निर्धारण अनुसूची-२ मा उल्लेख गरिएको आधार बमोजिम हुनेछ ।

(३) कार्यक्रम सञ्चालनको लागि प्राप्त हुन आएका प्रस्तावको मूल्याङ्कन र सिफारिसका लागि प्राथमिकताक्रम निर्धारण गर्न नगरपालिकाले आवश्यकतानुसार उपसमिति वा स्थलगत अध्ययन टोली गठन गर्न सक्नेछ ।

(४) शिक्षा शाखाले प्राप्त प्रस्ताव उपर उपदफा (१) (२) र (३) बमोजिम मूल्याङ्कन गरी प्राथमिकता क्रमका साथ छनोटको लागि सहजीकरण समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

**७. विद्यालय छनोट तथा अनुदान निर्धारणः**

(१) सहजीकरण समितिले दफा (६) बमोजिम प्राथमिकता क्रमका साथ सिफारिस भई आएका विद्यालयहरु मध्येबाट कार्यक्रम सञ्चालन गर्ने विद्यालयको छनोट गर्नेछ ।

(२) सहजीकरण समितिले विद्यालयको छनोट गर्दा शिक्षा शाखाबाट सिफारिस भएका विद्यालयहरु मध्येबाट विद्यालय सेवा क्षेत्रको भौगोलिक तथा आर्थिक अवस्थाका आधारमा विषयगत वितरणलाई समेत मध्यनजर गरी विद्यालय छनोट गर्नेछ ।

(३) नगरपालिकाले उपदफा (२) बमोजिमको छनोटको जानकारी सम्बन्धित वडा र विद्यालयलाई दिनेछ ।

(४) सहजीकरण समितिले विषयगत आवश्यकताका आधारमा विद्यालय संख्या थपघट गर्न सक्नेछ।

(५) विद्यालयको लागि प्रदान गरिने अनुदान रकमको निर्धारण गर्दा स्वीकृत बजेट, विद्यालयमा सञ्चालन हुने कार्यक्रमको प्रकृति तथा कार्यक्रम संख्या, कार्यक्रममा सहभागी हुने विद्यार्थी संख्या र विद्यालयको आवश्यकता समेतलाई आधार मानिने छ। तर यस कार्यविधि बमोजिम एक पटक अनुदान प्राप्त गरेको विद्यालयलाई पुनः अनुदान उपलब्ध गराइने छैन ।

**८. अनुदान निकासा, सम्झौता तथा कार्यक्रम कार्यान्वयनः**

(१) कार्यक्रम सञ्चालनका लागि छनोट भएका विद्यालयमा कार्यक्रम सञ्चालन गर्न शुरुमा ५० प्रतिशत रकम विद्यालयमा सशर्त अनुदानको रुपमा निकासा गरिनेछ। बाँकी रकम विद्यालयको कार्य प्रगतिको आधारमा उपलब्ध गराइनेछ।

(२) नगरपालिकाले छनोट भएका विद्यालयसँग सम्झौता गरी अनुदान रकम निकासा गर्नेछ।

(३) विद्यालयमा सञ्चालन गरिने कार्यक्रमको सञ्चालन प्रक्रियाका लागि यस कार्यविधिको परिधिभित्र रही सम्बन्धित वडाले आवश्यकता अनुसार थप कार्यविधि बनाई स्रोतको परिचालन गर्न सक्नेछ ।

(४) विद्यालयको कार्यप्रगति तथा उपलब्धिको आधारमा थप बजेट निकासाका लागि सम्बन्धित वडाले सहजीकरण समितिमा पेश गर्नेछ। सहजीकरण समितिले सो विषयमा अध्ययन गरी थप बजेट निकासाका लागि नगरपालिकामा सिफारिश गर्नेछ।

## परिच्छेद - ३

## कार्यक्रम सञ्चालन क्षेत्र र क्रियाकलाप

**९. अनुदान उपलब्ध गराइने क्षेत्रहरुः**

(१) दफा ७ बमोजिम कार्यक्रम सञ्चालनको लागि छनोट भएका विद्यालयलाई शिक्षा शाखा मार्फत पेश गरेको प्रस्ताव र आवश्यकताका आधारमा देहाय बमोजिमको क्षेत्रमा सशर्त अनुदानको रुपमा रकम उपलब्ध गराईनेछ ।

(क) कृषि (बाली विज्ञान/पशु विज्ञान/बागबानी)

(ख) इन्जिनियरिङ (सिभिल/इलेक्ट्रिकल/कम्प्युटर)

(ग) पर्यटन तथा हस्पिटालिटी

(घ) वन तथा वातावरण

(ङ) निर्माण

(च) अटोमोबाइल

(छ) व्यावसायिक कीट (मौरी पालन, च्याउ र रेशम खेती)

(ज) अन्य (बुटिक, ब्युटिसीयन, सिलाई कटाई, फेशन डिजाइनरस लगयातका)।

**१०. अनुदान रकम खर्च सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधि बमोजिम छनोट भई अनुदान प्राप्त गर्ने विद्यालयले कार्ययोजना सहितको प्रस्ताव र पालिकासँग भएको सम्झौताको अधीनमा रही देहायका शीर्षकमा अनुदान रकम खर्च गर्न सक्नेछः

(क) उत्पादन तथा सेवा इकाइ सञ्चालनका लागि विद्यालयको स्वामित्वमा रहेको वा भाडामा लिएको जग्गामा उत्पादकमूलक प्रकृतिको संरचना तयार गर्न,

(ख) उत्पादन तथा सेवा इकाइका लागि आवश्यक पर्ने औजार उपकरण तथा अन्य सामान खरिद गर्न र कार्यस्थलसँग सम्बन्धित प्रयोगशाला वा वर्कशप स्थापना गर्न,

(ग) पढ्दै कमाउँदै कार्यक्रमको उद्देश्य अनुरुप विद्यार्थीको सक्रियतामा विद्यालयको जग्गामा वा विद्यार्थीले आफ्नै जमिनमा वस्तु उत्पादन गरी बिक्री वितरण गर्न,

(घ) नगरबाट प्राप्त अनुदान रकमलाई बिउ पूँजीका रूपमा राख्नु पर्नेछ । विद्यार्थीबाट उत्पादित वस्तु विक्री पश्चात बिउ पूँजीको मूल अनुदान रकममा नघट्ने गरी शोधभर्ना गरेर मात्र विद्यार्थीलाई मुनाफा वितरण गर्नु पर्नेछ,

(ङ) उत्पादित वस्तुको विक्री पश्चात उत्पादन लागत छुट्याई बाँकी रकमको ८० प्रतिशत सम्बन्धित विद्यार्थीहरूलाई वितरण गर्ने र २० प्रतिशत रकम कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कोषमा जम्मा गरी आवश्यक कार्यमा खर्च गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरबाट अनुदान प्राप्त गरी सम्झौता बमोजिम उत्पादन कार्य सञ्चालन नगर्ने विद्यालयले निकासा भएको बजेट नगरपालिकामा फिर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्थायी प्रकृतिका भौतिक पूर्वाधार संरचना निर्माणका लागि अनुदान रकम खर्च गर्न पाइने छैन ।

## परिच्छेद - ४
## सहजीकरण समिति र सम्बद्ध निकायको भूमिका

**११. सहजीकरण समितिः**

(१) कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको सहजीकरण समिति रहनेछ ।

(क) प्रमुख प्रसाशकिय अधिकृत- संयोजक

(ख) नगर शिक्षा समितिका सदस्य मध्येबाट नगर प्रमुखले तोकेको सदस्य एक जना- सदस्य

(ग) आर्थिक प्रशासन शाखाको लेखा अधिकृत - सदस्य

(घ) वडा शिक्षा समिति सदस्यहरु तथा कार्यपालिका सदस्य मध्येबाट नगर प्रमुखबाट मनोनित एक महिला सहित दुई जना - सदस्य

(ङ) सहजीकरण समितिले मनोनित गरेको सम्बन्धित विज्ञ दुई जना - सदस्य

(च) कार्यक्रम सञ्चालन भएका विद्यालयका प्रधानाध्यापक मध्येबाट समितिले मनोनित गरेका १ जना - सदस्य

(छ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) सहजीकरण समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्ने सकिनेछ ।

**१२. सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः**

(१) सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयन गर्न कार्ययोजना स्वीकृति गर्ने,

(ख) विद्यालय छनोट प्राथमिकताका आधारमा गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित वडा र विद्यालयसँग समन्वय र सहजीकरण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरुको समाधानका लागि समन्वय गर्ने गराउने,

(ङ) कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने गराउने र सोको प्रतिवेदन नगरपालिकामा पेस गर्ने,

(२) समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) सहजीकरण समितिको बैठक भत्ता तथा अन्य सेवा सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१३. शिक्षा शाखाको भूमिकाः**

(१) विद्यालयमा छनोट भएका कार्यक्रम कार्यान्वयनका लागि शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयबाट प्राप्त प्रस्ताव सहितको वार्षिक कार्ययोजना स्वीकृतका लागि सहजीकरण समितिमा पेश गर्ने,

(ख) सम्बन्धित विद्यालयको बैंक खातामा बजेट निकासा गर्ने,

(ग) उद्योग वाणिजय संघ, चेम्बर अफ कमर्स लगायत व्यावसायिक संघसंस्थाहरुसँग बजार व्यवस्थापनका विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) उत्पादनमूलक कार्यमा प्रयोग हुने गरी विद्यालयले निश्चित समयका लागि लिजमा जग्गा प्राप्त गर्न चाहेमा सहजीकरण गर्ने,

(ङ) विद्यालयबाट सञ्चालित उत्पादनमूलक व्यवसायका लागि स्थानीय स्रोत,साधन तथा कच्चा पदार्थ उपलब्ध गराउन सहजीकरण गर्ने,

(च) विद्यालयमा सञ्चालित कार्यक्रमको विषय प्रकृतिको आधारमा नगरपालिकाका विषयगत शाखाहरु तथा अन्य स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयले पेश गरेको कार्यविधि स्वीकृति गर्ने,

(ज) विद्यालयबाट उत्पादित वस्तुको परिमाण बढ्दै गएमा विद्यालयलाई आवश्यक पर्ने वस्तु खरिद र विद्यालयद्वारा उत्पादित वस्तुको बिक्री विरतरणको लागि विद्यालयमा उत्पादन तथा सेवा इकाइ स्थापना गर्न उपयुक्त वातावरण तयार गर्ने,

(झ) कार्यक्रम सञ्चालनका लागि संघ एवं प्रदेश सरकारबाट विशेष अनुदान प्राप्तिको लागि आवश्यक समन्वय गर्ने,

(ञ) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयलाई आवश्यक पर्ने थप स्रोत साझेदारीका रुपमा व्यवस्था गर्ने,

(ट) नगरपालिकाभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी अन्य थप विद्यालयमा कार्यक्रम विस्तार गर्ने,

(ठ) कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने ।

**१४. विद्यालयको भूमिकाः**

(१) कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) नगरबाट प्राप्त पढ्दै कमाउँदै कार्यक्रम अनुदानको बजेट बाँडफाँड गरी उत्पादन मूलक कार्यमा मात्र लगानी गर्ने ।

(ख) विद्यार्थीले उत्पादन गरेका खाद्यान्न, तरकारी, फलफूल, मासुजन्य पदार्थ र अन्य वस्तु तथा सेवालाई दिवा खाजाको रुपमा विद्यालयमा उपयोग गर्ने वा स्थानीय बजारमा बिक्री वितरण गर्न स्थानीय उद्योगी व्यवसायीहरु तथा संघ संस्थासँग आवश्यक समन्वय गर्ने,

(ग) आवश्यकता अनुसार उत्पादन तथा सेवा इकाइ गठन गरी विद्यालयका शिक्षक/ प्रशिक्षकहरुमध्येबाट इकाइ संयोजक, उत्पादन प्रमुख र बजारीकरण प्रमुख तोकी नियमित प्रशिक्षण कार्यको अतिरिक्त उत्पादन तथा सेवा इकाइसँग सम्बन्धित कार्यहरु समेत गर्ने गरी जिम्मेवारी दिने,

(घ) उत्पादन तथा सेवा इकाइ सञ्चालनका क्रममा देखिएका समस्या तथा समाधानका विषयमा छलफल गरी आवश्यक निर्णय लिने,

(ङ) कार्यक्रमको मूलप्रवाहमा नआएका विद्यार्थीहरुद्वारा आफ्नै घर वा करेसाबारीमा उत्पादित वस्तुलाई समेत उत्पादन तथा सेवा इकाइ मार्फत बिक्री वितरणको व्यवस्था मिलाई अध्ययनका लागि प्रोत्साहित गर्ने,

(च) वस्तु तथा सेवा उत्पादन गर्ने गरी विद्यालयको जग्गा र प्राप्त स्रोतलाई उपयोगमा ल्याउने,

(छ) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै समस्या देखिएमा कार्यान्वयन सहजीकरण समितिसँग समन्वय गरी समाधान गर्ने,

(ज) उत्पादन तथा सेवा इकाइमा भएका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्ने, आवश्यक राय, सल्लाह र सुझाव दिने,

(झ) विद्यार्थीले गरेको आम्दानीको निश्चित अंशबाट कोषवृद्धि योजना बनाई लागू गर्ने,

(ञ) व्यवसाय शुरुवात तालिम सञ्चालन गर्ने,

(ट) खरिद बिक्री केन्द्र स्थापनाको लागि शिक्षा शाखासँग समन्वय गर्ने,

(ठ) वर्षभरिमा भएका कामको उपलब्धि समेटिएको प्रतिवेदन तयार गरी शिक्षा शाखामा पठाउने।

**१५. प्रधानाध्यापकको भूमिकाः**

(१) कार्यक्रम सञ्चालनका लागि छनोट भएको विद्यालयका प्रधानाध्यापकको भूमिका देहाय बमोजिम हुनेछः

(क) विद्यालयको व्यावसायिक योजना बनाई विद्यार्थीको व्यावसायिक उत्पादन समूह गठन गर्ने,

(ख) गठन भएका विद्यार्थीको समूहलाई जिम्मेवारी बाँडफाँड सहित उत्पादन कार्यमा क्रियाशील बनाउने,

(ग) विद्यालयबाट तोकिए बमोजिमको समयमा पढाइसँगै उत्पादन तथा सेवा इकाइ वा सोसँग सम्बन्धित गतिविधिमा विद्यार्थी परिचालन गर्ने,

(घ) समय समयमा स्थानीय उद्योगी व्यवसायीसँग अन्तर्क्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना लिई बजार प्रवर्द्धन गर्ने,

(ङ) व्यावसायिक समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाब राख्ने, राख्न लगाउने,

(च) कार्यक्रमलाई निरन्तरता प्रदान गर्न विद्यालयमा व्यवसाय कोषको व्यवस्था गरी उक्त कोषबाट विद्यार्थीलाई पढ्दै कमाउँदै गर्न बीउ पूँजी उपलब्ध गराउने,

(छ) कमाइसँगै बिउपूँजी बापत विद्यालयले उपलब्ध गराएको रकम विद्यार्थीबाट किस्ताबन्दीको रुपमा विद्यालयको कोषमा फिर्ता गर्ने व्यवस्था मिलाउने,

(ज) कार्यक्रम प्रगति प्रतिवेदन नियमित रुपमा शिक्षा शाखामा पेश गर्ने,

(झ) विद्यार्थीले तयार गरी पेश गरेको परियोजना कार्यको प्रतिवेदनको अभिलेख व्यवस्थित गर्ने,

(ञ) विद्यालयसँग सम्बन्धित तथ्यांक एवं विवरणलाई नियमित रुपमा अद्यावधिक गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ठ गर्ने,

(ट) विद्यार्थीको कार्यको नियमित अनुगमन गरी आवश्यक सहजीकरण र सल्लाह सुझाव प्रदान गर्ने ।

**१६. शिक्षक तथा प्रशिक्षकको भूमिकाः**

(१) कार्यक्रम सञ्चालन भएका विद्यालयको शिक्षक तथा प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछः

(क) आफ्नो विषयमा सिकाइलाई उत्पादनसँग जोड्ने गरी पाठ्यक्रमले तोके बमोजिम सिकाइ उपलब्धिका क्षेत्रमा प्रशिक्षण अभ्यास योजना तयार गरी कार्य गर्ने गराउने,

(ख) पाठ्यक्रमसँग सम्बन्धित हुने गरी परियोजना कार्यहरु गर्ने, गराउने र यस्ता परियोजना कार्यलाई प्रयोगात्मक मूल्याङ्कनसँग आवद्ध गर्ने,

(ग) विद्यालयले निर्धारण गरेको समयमा उत्पादन तथा सेवा इकाइमा आवद्ध विद्यार्थीलाई सहजीकरण गर्ने,

(घ) विद्यार्थीहरुलाई सिकाइ सामग्री सहित विभिन्न उपयोगी वस्तु तथा सेवा उत्पादन र बिक्री वितरणका लागि प्रोत्साहित गर्ने,

(ङ) विद्यार्थीलाई व्यावसायिक बनाउन सहयोग एवं सहजीकरण गर्ने,

(च) विद्यार्थीहरुलाई वस्तु तथा सेवाको उत्पादन तथा बजारीकरणका लागि आवश्यक राय, सल्लाह र सुझाव दिने,

(छ) विद्यालय व्यवस्थापन समिति र सहजीकरण समितिले तोकेका अन्य कार्य गर्ने ।

**१७. उत्पादन तथा सेवा इकाइको भूमिकाः**

(१) विद्यालयमा स्थापना हुने उत्पादन तथा सेवा इकाइको भूमिका देहाय बमोजिम हुनेछ-

(क) विद्यालयमा सञ्चालित कार्यक्रमबाट उत्पादन गर्न सकिने वस्तु तथा सेवाहरुको सूची निर्माण गर्ने,

(ख) विद्यालयमा सञ्चालन हुने प्रयोगात्मक अभ्यासको विवरण, त्यस्तो प्रयोगात्मक अभ्यासबाट उत्पादन हुने वस्तु वा सेवा तथा सोका लागि आवश्यक कच्चा पदार्थको विवरण संकलन गर्ने,

(ग) इकाइबाट उत्पादन गर्न सकिने सम्भावित वस्तु वा सेवाको बजार मागको अध्ययन तथा विश्लेषण गर्ने गराउने,

(घ) बजार माग र उत्पादित वस्तु वा सेवा बीच संख्यात्मक एवं गुणात्मक अन्तर पहिचान गरी आवश्यक स्रोत साधन एवं जनशक्ति व्यवस्थापन तथा परिचालन गर्ने गराउने,

(ङ) प्रशिक्षणका लागि आवश्यक खर्च, बिक्री योग्य तयारी वस्तुको उत्पादन लागत एवं नाफा तथा नोक्सानको अनुमान गर्ने गराउने,

(च) वस्तु वा सेवाको उत्पादनका लागि विस्तृत व्यावसायिक योजना तयार गरी स्वीकृतिका लागि विद्यालय प्रशासन समक्ष पेश गर्ने,

(छ) प्रशिक्षक एवं विद्यार्थीहरुको समूहलाई वस्तु तथा सेवाको उत्पादन र बिक्री वितरणको लागि कार्ययोजना तयार गर्ने गराउने,

(ज) उत्पादन तथा सेवा इकाइबाट उत्पादन हुन सक्ने उत्पादनका नवीनतम सम्भावनाहरुका बारेमा समय समयमा छलफल गर्ने गराउने ।

**१८. विद्यार्थीको भूमिकाः**

(१) कार्यक्रममा सहभागी हुने विद्यार्थीको भूमिका देहाय बमोजिम हुनेछ -

(क) विद्यालयमा गठन भएको व्यावसायिक सिकाइ समूहमा आवद्ध रही विद्यालयबाट तोकिए बमोजिमको समयमा सिकाइसँगै उत्पादन तथा सेवा इकाइ वा सोसँग सम्बन्धित गतिविधिमा संलग्न रही सक्रियताका साथ कार्य गर्ने,

(ख) विद्यालयमा सामूहिक तथा व्यक्तिगत व्यावसायिक योजना बनाई कार्यान्वयन गर्ने,

(ग) व्यावसायिक उत्पादन समूह बीचको आपसी समन्वयमा बाँडफाँड भएको जिम्मेवारी बहन गर्ने,

(घ) समय समयमा स्थानीय कृषक एवं उद्योगी व्यावसायीहरूसँग भेटघाट, अन्तर्क्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना संकलन गर्ने तथा सम्बन्धित विषयमा स्थानीयस्तरमा आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने,

(ङ) आ-आफ्नो समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाब राख्ने एवं सो कार्यका लागि विद्यालयलाई सहयोग गर्ने,

(च) आफू संलग्न रहेको व्यावसायिक परियोजना कार्यको प्रतिवेदन तयार गरी विद्यालयमा पेश गर्ने,

(छ) बिहान बेलुकाको समयमा आफ्नै घरजग्गामा समेत कृषिजन्य वस्तु उत्पादन गर्ने र उत्पादित बस्तु विद्यालयमा वा विद्यालय मार्फत बजारमा बिक्री गर्ने।

## परिच्छेद-५

## कार्यक्रमको अनुगमन, निरीक्षण र प्रतिवेदन

**१९. कार्यक्रमको अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधि बमोजिम छनोट भई अनुदान प्राप्त गर्ने विद्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण सहजीकरण समिति, शिक्षा शाखा, नगर प्रमुख तथा उप प्रमुख आवश्यकता अनुसार हुनेछ ।

(२) यस कार्यविधि बमोजिम विद्यालयबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(३) अनुगमन तथा निरीक्षणका क्रममा दिइएका सुझाव कार्यान्वयन गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

**२०. प्रतिवेदन पेश गर्नु पर्नेः**

(१) यस कार्यविधि बमोजिम छनोट भई अनुदान प्राप्त गर्ने विद्यालयले यस कार्यक्रमको छुट्टै सामाजिक परीक्षण गराई शिक्षा शाखामा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन शिक्षा शाखाबाट तोकिएको ढाँचामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरणको आधारमा शिक्षा शाखाले एकीकृत वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ ।

## परिच्छेद - ६
## विविध

**२१. कार्यक्रमबाट खर्च हुने नगरपालिकाले कार्यक्रममा विनियोजन भएको बजेट मध्येबाट कार्यक्रम सञ्चालन, कार्यविधि निर्माण, समितिको बैठक सञ्चालन, विद्यालय छनोट, सूचना प्रकाशन, अनुगमन, मूल्यांकन र प्रतिवेदन लेखन कार्यमा खर्च गर्न सक्नेछ ।**

**२२. उत्पादन तथा सेवा इकाइ र खरिद बिक्री केन्द्रः**

(१) विद्यालयले आवश्यकता अनुसार सम्बन्धित प्रशिक्षक, व्यवसायी समूहका विद्यार्थीसमेत संलग्न गरी उत्पादन तथा सेवा इकाई गठन गर्न सक्नेछ ।

(२) विद्यालयले आवश्यकता अनुसार उत्पादित सामग्रीको लागि बिक्री गर्ने समेतको प्रयोजनको लागि आवश्यकता अनुसार खरिद बिक्री केन्द्रको स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

**२३. वस्तु तथा सेवाको बिक्री मूल्य निर्धारण उत्पादन तथा सेवा इकाईबाट उत्पादित वस्तुहरुको बिक्री मूल्य निर्धारण गर्ने कार्यका लागि प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी वस्तुको स्थानीय उद्योग, व्यवसाय र उत्पादनसँगको समन्वयमा ब्रान्डिङ, बजारीकरण र मूल्यनिर्धारण गर्न सकिनेछ।**

**२४. भण्डारण गर्नुपर्नेः**

विद्यालयले उत्पादन तथा सेवा इकाइबाट उत्पादित वस्तुहरुको गुणस्तरमा असर नपुग्ने गरी सुरक्षित भण्डारण गर्नु पर्नेछ ।

**२५. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरु गर्दा तथा रकम भुक्तानी एवं फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपालको कानुन प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

**२६. आवश्यक अनुसार यो कार्यविधि नगरकार्यपालिकाले संशोधन गर्नेछ ।**

## अनुसूची - १

**पढ्दै कमाउँदै कार्यक्रममा अनुदान सहयोगको लागि विद्यालयले पेश गर्ने आवेदन फारम**

### १. विद्यालयको विवरण

विद्यालयको नाम ..........................................................................................

विद्यालयको प्रकार (साधारण/प्राविधिक धार सञ्चालित विद्यालय)

ठेगाना

टोल - ........................................

फोन नं. - .....................................

इमेल - ........................................ बेवसाइट - .....................................

स्थापना मिति- ...................... विद्यालयको IEMIS कोड - ............................

प्राविधिक शिक्षा सञ्चालन मिति ............................

### २. पूर्ववाधार सम्बन्धी जानकारी

२.१ जग्गा सम्बन्धी विवरण

| क्र. सं. | कित्तानं. | क्षेत्रफल | जग्गाको स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

२.२ भवन सम्बन्धी विवरण

| क्र. सं. | भवन संख्या | कोठा संख्या | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की: | | | |
| २ | कच्ची: | | | |

२.३ यन्त्र उपकरण सम्बन्धी विवरण (प्राविधिक धारको कार्यक्रम सञ्चालित विद्यालयको हकमा)

| क्र सं | यन्त्र उपकरणको नाम | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रयोगमा रहेको | प्रयोगमा नरहेको | | |
| | | | प्रयोगमा ल्याउन सकिने | प्रयोगमा ल्याउन नसकिने | |
| १ | | | | | |
| २ | | | | | |

२.४ अस्थायी संरचना सम्बन्धी विवरण (पोखरी, टहरा, गोठ, कटेज, खोर, स्टल, वर्कसप आदि)

| क्र सं | विवरण | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

*द्रष्टव्यः- विवरण अन्तर्गत आवश्यकता अनुसार कोठा थप गर्न सकिनेछ ।*

**३. शिक्षक/प्रशिक्षक कर्मचारी सम्बन्धी विवरण**

| क्र सं | नाम | तह/श्रेणी | शैक्षिक योग्यता | शिक्षण/प्रशिक्षण कार्यको अनुभव (वर्ष) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

**४. विद्यार्थी सम्बन्धी विवरण (पछिल्लो दुई शैक्षिक सत्र)**

| क्र सं | जम्मा विद्यार्थी विवरण | शैक्षिक सत्र........................ | | शैक्षिक सत्र........................ | |
|---|---|---|---|---|---|
| | | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी संख्या | भर्ना संख्या | अन्तिम परीक्षामा सहभागी संख्या |
| १ | कक्षा १-५ | | | | |
| २ | कक्षा ६-८ | | | | |
| ३ | कक्षा ९-१२ | | | | |
| ४ | बाली विज्ञान | | | | |
| ५ | पशु विज्ञान | | | | |
| ६ | सिभिल इन्जिनियरिङ | | | | |
| ७ | कम्प्युटर इन्जिनियरिङ | | | | |
| ८ | इलेक्ट्रिकल इन्जिनियरिङ | | | | |

**५. देहायमा प्रत्येक शीर्षकहरुमा औचित्यसहितको विवरण प्रस्तुत गर्नु होला।**

(क) विद्यालयमा वस्तु उत्पादन तथा सेवा प्रदान गरी आयआर्जन गर्न सम्भव देखिएका पेसा तथा उपर्ययुक्त पेशामा उत्पपादन गर्न सकिने वस्तु तथा सेवाको सूची ।

..........................................................................................................................................

(ख) पढ्दै कमाउँदै कार्यक्रममा सहभागी हुने विद्यार्थी तथा अन्य इच्छुक विद्यार्थीको विवरण, उनीहरुबाट उत्पादन हुन सक्ने वस्तु तथा सेवा र ती सामग्रीको बिक्री वितरणको सम्भाव्यता।

..........................................................................................................................................

(ग) उपर्युक्त वस्तु तथा सेवाको उत्पादन तथा बिक्रीका लागि आवश्यक भौतिक पूर्वाधार तथा उक्त पूर्वाधार निर्माण तथा संयोजन गर्ने योजना। (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि विज्ञता,भौतिक पूर्वाधार तथा औजार/उपकरण मध्ये विद्यालयमा उपलब्ध हुने,खरिद गर्नु पर्ने तथा लिजमा लिन सकिने सम्बन्धी खरिद गर्नु पर्ने भए सो अनुमानित लागत समेत खुल्नु पर्ने।)

..........................................................................................................................................

(घ) प्रस्तावित वस्तु तथा सेवाको उत्पपादनको लागि आवश्यक कच्चा पदार्थ तथा उत्पादित वस्तु तथा सेवाको बजारको पहिचान तथा विश्लेषण। (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागिआवश्यक कच्चा पदार्थ उपलब्ध हुने स्थान/प्राप्त गर्ने तरिका, विद्यालय सम्म ल्याउने उपाय तथा लाग्ने अनुमानित खर्च समेत खुलाउनु पर्ने तथा उत्पादित वस्तु तथा सेवा बिक्रीका लागि गर्नुपर्ने पहलहरु - विद्यालयबाटै बिक्री हुने, बजारसम्म लानुपर्ने वा बजारको लागि विशेष पहल गर्नुपर्ने विषय समेत खुलाएर बजार पहिचान तथा विश्लेषण गर्नुपर्ने)

.............................................................................................................................................

(ङ) उल्लेखित कार्यक्रमका लागि स्थानीय समुदाय एवं अभिभावकहरुबाट हुन सक्ने वा लिन सकिने सहयोगको विषय।

.............................................................................................................................................

**६. प्रस्तावित कार्यक्रमका लागि अनुदान माग गरेको विषयक्षेत्र प्रष्ट खुल्ने गरी पूर्वाधार निर्माण वा सञ्चालन गर्ने अन्य क्रियाकलाप तथा खर्चको अनुमान सहितको कार्ययोजना आवेदनका साथ संलग्न राख्नुपर्नेछ।**

नाम - ..................

हस्ताक्षर - ...............................

पद - प्रधानाध्यापक

मिति- ....................................

नाम - ....................

हस्ताक्षर - ...............................

पद - विद्यालय व्यवस्थापन समिति अध्यक्ष

मिति- ....................................

**<u>संलग्न कागजात -</u>**

(क) वडा कार्यालयबाट वडा तहमा सम्बन्धित वस्तु तथा सेवा उत्पपादन गर्ने व्ययावसायिक फर्महरु भए नभएको खुल्ने गरी स्थानीय आवश्यकताको विश्लेषाण सहितको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि,

(ख) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) कार्यरत शिक्षक/प्रशिक्षकहरुको शैक्षिक योग्यता सहितको विवरण,

(घ) विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा वा भोगाधिकार प्राप्त प्रमाण वा लिजमा प्रयोग गर्ने भए सम्झौता पत्रको प्रतिलिपि,

(ङ) प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टि हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि,

(च) अन्य सम्बद्ध कागजातहरु।

## अनुसूची - २

## विद्यालय छनोटका लगि मूल्यांकनका आधारहरु

### १. कार्य सम्पादनसँग सम्बन्धित सूचकहरु

| आधारहरु | अवस्था | अंक | अवस्था | अंक |
|---|---|---|---|---|
| १. यस अघि विद्यालयको आफ्नै पहलमा पढ्दै कमाउँदै सम्बन्धी कार्यक्रम सञ्चालन वा यस प्रकारको अभ्यास | भएको | १० | नभएको | ० |
| २. प्रयोगात्मक अभ्यासको सिलसिलामा वस्तु तथा सेवाको परीक्षण उत्पादन | भएको | ५ | नभएको | ० |
| ३. शिक्षा ऐन नियमावलीले तोके बमोजिमको शिक्षक प्रशिक्षक | भएको | १० | नभएको | ० |
| ४. विद्यार्थी संख्या | प्रति कक्षा ५० वा सो भन्दा बढी भए | ५ | प्रति कक्षा ५० भन्दा न्यून भए | ३ |
| ५. सम्बन्धित विषयको प्रयोगशाला/कार्यक्षेत्र/ फिल्ड | भएको | १० | नभएको | ० |
| जम्मा | | ४० | | |

### २. पूर्वाधारसँग सम्बन्धित सूचकहरु

| सूचकहरु | अवस्था | अंक | अवस्था | अंक | अवस्था | अंक |
|---|---|---|---|---|---|---|
| १. उत्पादन तथा सेवा इकाइ सञ्चालनका पर्याप्त भवन वा कोठाको उपलब्धता । | उपलब्ध भएको | १५ | भाडामा लिएर व्यवस्थापन हुन सक्ने। | ७ | थप निर्माण गर्नु पर्ने | ५ |
| २. दरबन्दी वा अनुदान कोटाका शिक्षक प्रशिक्षकको उपलब्धता। | पूर्ण उपलब्ध भएको | १० | पचहत्तर प्रतिशत उपलब्ध भएको | ३ | पचहत्तर प्रतिशत भन्दा कम संख्यामा उपलब्ध भएको | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. उत्पादन तथा सेवा इकाइ सञ्चालनका लागि आवश्यक औजार तथा उपकरणहरु विद्यमान रहे नरहेको अवस्था एवं प्रयोगको सम्भावना । | पर्याप्त रुपमा उपलब्ध भएको | १० | भाडामा लिन सम्भव भएको | ७ | उपलब्ध हुन नसक्ने | ० |
| | | ३५ | | १३ | | ७ |

३. <u>बजारीकरणसँग सम्बन्धित सूचकहरु</u>

| सूचक | सम्पादन सूचक | अंक | सम्पादन सूचक | अंक | सम्पादन सूचक | अंक |
|---|---|---|---|---|---|---|
| १. उत्पादनको बिक्रीका लागि सम्भाव्य बजारको प्रकार | स्थानीयबजार | १० | अन्य बजार | ७ | | |
| २. उत्पादनको बजारीकरणको प्रकृति। | इकाइबाट नै बिक्री हुने अवस्था रहेको । | १० | बजारसम्म पुर्याउनु पर्ने | ३ | बजारका लागि विशेष पहल गर्नुपर्ने अवस्था | २ |
| | | २० | | १० | | २ |

४. आवश्यकतासँग सम्बन्धित सूचकहरु

| सूचक | सम्पादन सूचक | अंक | सम्पादन सूचक | अंक | सम्पादन सूचक | अंक |
|---|---|---|---|---|---|---|
| १.भौगोलिक तथा स्थानीय परिवेश सुहाउँदो व्यावसायिक क्रियाकलाप सञ्चालन भएको अवस्था । | भएको | ५ | आंशिक रहेको | ३ | पर्याप्त नरहेको | २ |

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**